नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० | अंक २३० | २०७८ साल बैशाख ३ गते शुक्रबार (16 Apr. 2021 Friday) | मूल्य रु. ५/-

*Log on : rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- हुलदङ्गा गर्नेलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयासम्म जरिवाना हुने,
- सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक सेवा अवरुद्ध गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक शान्ति भङ्ग गर्ने, हुलदंगा गर्ने वा सार्वजनिक सम्वन्धलाई खलल पार्ने नियतले झुठ्ठा अफवाह फैलाउनेलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : आयल निगमले ल्यायो ... २ पृष्ठमा : ओलम्पिक खेल रद्द गर्न ... ३ पृष्ठमा : विस्थापित हुँदै ...

# ज्येष्ठजनसँग आशिष थाप्दै जुडशितल पर्व मनाईयो



**दैनिक समाचारदाता राजविराज, २ बैशाख ।**
ज्येष्ठजनसंग आशिष थापेर दुई दिने जुडशितल पर्व मनाइएको छ ।

मिथिलाञ्चलको साँस्कृतिक महत्व बोकेको जुडशितल पर्व विहीवार सम्पन्न भएको छ ।

आरोग्य, शीतलता र दीर्घ जीवनका लागी प्रत्येक वर्ष बैशाख २ गते मनाईने यस पर्वमा बालबालिका तथा किशोर किशोरी एक आपसमा हिलोमाटो दलेर रमाईलो गर्छन भने ज्येष्ठजनले आ-आफ्नो सन्तानको टाउकोमा शीतल जल खन्याएर आशिष दिन्छन ।

गर्मीको स्वागतमा नयाँ वर्षको प्रारम्भ संगै मनाईने दुई दिवसीय जुडद्दशितल पर्वको पहिलो दिन बुधवार “सतुवाइन” गरिएको थियो । सतुवाईनका क्रममा घरका देवी देवतालाई प्रसादका रुपमा सातु, गुड चढाएर परिवारमा खाने परम्परा रहेको छ ।

दोश्रो दिन विहीवार परिवारका ज्येष्ठ सदस्यले आफु भन्दा कान्छोलाई शिरमा जल राखी आर्शिवाद दिएर यो पर्व मनाएका छन ।

यता जुडशितल कै अवसरमा पोखरी तथा इनार स्थानीय युवाहरु मिली सफा गर्छन र सफा गर्दा निस्केको हिलो पानी एक आपसमा दल्ने गर्छन् । यस दिन हिलो पानीले होली खेले चर्म रोगबाट मुक्ती पाउने जनविश्वास रहेको छ ।

जुडशितलको दिन घर घरमा चुलोको समेत पुजा गरिन्छ । साँझको खाना समेत बिहानै पकाएर चुलो निभाइन्छ ।

# पत्रकार मिश्रको कोभिडका कारण मृत्यु

झापा, २ वैशाख (रासस) ।

कोरोना सङ्क्रमणका कारण अग्रज पत्रकार ४८ वर्षीय कमल मिश्रको मृत्यु भएको छ । उहाँको शुक्रराज ट्राफिल सरुवा रोग अस्पताल टेकुमा उपचारका क्रममा निधन भएको हो ।

विर्तामोड नगरपालिका-८ निवासी पत्रकार केही समयअघि भारतको धार्मिक कार्यक्रममा गएर फर्किनुभएको थियो । भारतबाट फर्किएलगत्तै बिरामी पर्नुभएका उहाँमा स्वाथ्य समस्या आएपछि उपचारका लागि अस्पताल भर्ना गरिएको थियो ।

उपचारकै क्रममा उहाँको बुधबार राति मृत्यु भएको हो । उहाँ विगत दुई वर्षदेखि काठमाडौँको भक्तपुरस्थित एक धार्मिक संस्थामा बसेर अभियानकर्मीका रूपमा काम गर्दै आउनुभएको थियो ।

# चैती छठको तयारी सुरु आज नुहाई खाई

**दैनिक समाचारदाता राजविराज, २ बैशाख ।**

हरेक वर्ष चैत महिनामा मनाइने चैती छठ गत वर्ष मलेमास परेकाले सोही वर्षको सरेर यस वर्ष बैशाख ५ गते मनाइदैछ ।

नयाँ वर्षको सुरुवात सँगै कोरोनाको त्रास बढे पनि ब्रतालुहरु चैती छठ पर्वको तयारीमा जुटेका छन् । परिवारिक सुखः, शान्ति, कल्याण, रोगबाट मुक्ती तथा विभिन्न मनोकांक्षा पुरा हुने विश्वासका साथ श्रद्धापुर्वक मनाईने चैती छठ पर्व यस पल्ट शुक्रवार नुहाई खाई धार्मिक विधीबाट शुरु हुदैछ ।

जलाशय सफा गर्ने, सजाउने र छठ पर्वमा प्रयोग हुने, पुजा समाग्री खरिद गर्ने क्रम शूरु भई सकेको छ । जसकारण बजारमा चहल पहल बढेको छ ।

राजविराजको भगवती, कल्टु, तुरन्ती र पुरनी पोखरी स्थित पुजा घाटमा चैती छठमा व्रर्तालु र दर्शनार्थी पुग्ने गरेका छन् । तर कार्तिक महिनामा मनाईने छठ पर्वमा जस्तो चैती छठ पर्वमा भने वर्तालु र दर्शनार्थीको उपस्थिती कम हुने गरेको भगवती मन्दिरका मूलपुजारी दुर्गानन्द मिश्रको भनाई छ ।

वर्षमा दुई पटक कार्तिक र चैत महिनामा मनाइने छठ पर्व यो वर्ष तीन पटक परेको छ । तर यस पटक साईत र तिथी सरेकाले चैत महिनामा मनाउने गरिएको चैती छठ पर्व बैशाखमा सर्न गएको पण्डित रुपकान्त मिश्रको भनाई छ । कार्तिकको छठ पर्वलाई मुख्य छठ पर्व मान्ने चलन रहेपनि केही वर्ष यता चैती छठ मान्नेको संख्या पनि बढ्दो छ ।

शुक्रवार नुहाई खाई विधीबाट शूरु हुने पर्व अन्तर्गत शनिवार खरना तथा आईतवार अस्ताउदो र सोमवार विहान उदाउदो सुर्यलाई अर्घ दिएर यो पर्व विधीवत सम्पन्न हुनेछ ।

कोरोना संक्रमणको बढ्दै गएको असरका बीच स्थानीय प्रशासनले सार्वजनिक स्थानमा भिडभाड नगरी घरमै चाड पर्व मानाउन आग्रह गरेको छ । गत वर्ष पनि कोरोनाको जोखीमलाई ध्यानमा राखी स्थानिय प्रशासनले घरमै बैकल्पिक उपाय गरि चैती छठ मनाउन आग्रह गरेको थियो । प्रशासनको आग्रह मान्दै केहीले घरकै छतमा अस्थायी पोखरी निर्माण गरि विधीपूवर्क छठ पर्व मनाएका थिए भने अधिकांशले प्रशासनको आग्रहको बेवास्था गर्दै जलाशय किनारमै पुगि चैती छठ पर्व मनाएका थिए ।

# प्रदेश २ का दुई जिल्लासहित १४ जिल्लामा विद्यालय नजान आग्रह

**दैनिक समाचारदाता काठमाडौं, २ बैशाख ।**

स्वास्थ्य मन्त्रालयले प्रदेश २ का दुई जिल्लासहित १४ जिल्लालाई कोरोना संक्रमणको अति प्रभावित जिल्लामा वर्गीकरण गरेको छ । मन्त्रालयले ती जिल्लामा विद्यालयसमेत नजान आग्रह गरेको छ ।

मन्त्रालयले प्रदेश २ को बारा र पर्सा, काठमाडौं, भक्तपुर, ललितपुर, कास्की, रुपन्देही, चितवन, बाँके, कैलाली, मोरङ, दाङ, सुर्खेत र बागलुङलाई प्रभावित जिल्लामा वर्गीकरण गरेको हो ।

मन्त्रालयले हालसम्म सेवा बन्दबारे कुनै निर्णय नगरे पनि संक्रमणको जोखिम रहेकाले ती जिल्लाका विद्यालयमा नगइदिन आग्रह गरेको छ ।

मन्त्रालयले रात्रि व्यवसाय, ७ बजेपछि सबै रेस्टुरेन्ट तथा क्लबहरु, खेलकुद, जिम, सार्वजनिक पूजाआजा तथा जात्रा, सभा, सम्मेलन तथा बैठक नगर्न पनि आग्रह गरेको छ ।

यस्तै मन्त्रालयले सिनेमा हल, सपिङ मल, नाचघर, पार्टी प्यालेस, हेल्थ क्लब, स्वीमिङ पुल आदि स्थलहरु पनि सञ्चालन नगर्न तथा आम सर्वसाधारणलाई पनि सहभागी नभइदिन अनुरोध गरेको छ ।



## सम्पादकीय

# पहिला स्वास्थ्य अनि शिक्षा

कोरोना जोखिम पुनः बढिरहेको बेला यसबाट सबै भन्दा बढी स्कुले बालबालिका प्रभावित भएका छन् । गत वर्ष यसै समयमा कोरोनाको संक्रमण बढेपछि विभिन्न विद्यालयका वार्षिक परिक्षानै स्थगित हुन पुगेको थियो । यस पटक पनि वार्षिक परिक्षा नजिकै जाँदा कोरोनाको जोखिम उच्च रहेको छ । गत वर्ष कोरोनाका कारण पठनपाठन ठप्प भएको भन्दै शिक्षा मन्त्रालयले गत वर्षको शैक्षिक सत्रलाई लम्ब्याउँदै दुई महिना थप गरेको छ । जसकारण गत शैक्षिक सत्रको वार्षिक परिक्षा यस वर्षको जेष्ठ महिनामा हुने छ ।

तर, नयाँ वर्षको सुरुवात सँगै कोरोना माहामारी उच्च रहेकोले स्वास्थ्य मन्त्रालयले मुलुकका १५ जिल्लालाई उच्च जोखिममा राखेको छ । मन्त्रालयले विद्यार्थीहरुलाई विद्यार्थी नजान आग्रह समेत गरेको छ । यस्तो अवस्थामा पुनः विद्यार्थीहरुको वार्षिक परिक्षा प्रभावित हुने भएको छ । यस विषम परिस्थितिमा पुनः बालबालिकाहरुको पठनपाठन ठप्प हुने निश्चित छ ।

तसर्थ कोरोना माहामारीसँग लड्न स्वास्थ्य मापदण्ड अपनाउन अत्यन्त जरुरी रहेको छ । अनिमात्र हामी कोरोना माहामारीसँग लड्न सक्छौं । विद्यार्थीको हकमा घरमै बसेर विभिन्न अनलाईन कक्षाबाट ज्ञान हासिल गर्न उपाय छ । अन्यौलपूर्ण वातावरण शान्त भएपछि पठनपाठनलाई सूचारु गर्नेतर्फ सबैको ध्यान पुग्नु आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# आयल निगमले ल्यायो इआरपी, महत्वाकाङ्क्षी तर सम्भव योजना

काठमाडौं, २ वैशाख (रासस) ।

नेपाल आयल निगम अहिले आफूलाई पूर्णतः डिजिटाइज गर्ने अभियानमा जुटेको छ । निगमका आन्तरिक र बाह्य क्रियाकलापलाई एकै सफ्टवेयरबाट नियन्त्रण, सञ्चालन र अनुगमन समेतका सम्पूर्ण कार्य गर्ने गरी निगमले नयाँ सफ्टवेयर भित्र्याउँदै छ । तेल र ग्यासको कारोवार गर्ने विश्वका ७० प्रतिशतभन्दा बढी संस्था, कम्पनीले यो सफ्टवेयर प्रयोगमा ल्याइरहेको निगमका इञ्जिनीयर राजन नेपाल बताउनुहुन्छ ।

निगमले हाल विभिन्न कार्यका लागि भिन्नभिन्न सफ्टवेयर प्रयोग गरिरहेको छ । यसका लागि कर्मचारी प्रशासन, लेखा, बिलिङ जस्ता सफ्टवेयर प्रयोगमा रहेका छन् । अब यो नयाँ प्रणाली शुरु भएपछि त्यस्तो हुने छैन । यी सबै इकाइलाई एकै सफ्टवेयरभित्र एकीकृत गरिने छ । निगमले यो योजना सफल बनाउन अहिले इन्टरप्राइज रिसोर्स प्लान ( इआरपी) परियोजना सञ्चालन गरिरहेको छ ।

**के हो इआरपी ?**

विसं २०७७ साउन १ गतेदेखि शुरु भएको यो इन्टरप्राइज रिसोर्स प्लान (इआरपी) परियोजनाले निगमको सम्पूर्ण कागजी प्रक्रियालाई पूर्ण रूपमा डिजिटलाइज्ड प्रविधिमा रुपान्तरण गर्नेछ । निगमका सम्पूर्ण कार्यलाई एक आपसमा पारदर्शी र देखिने बनाउन यो परियोजनाले काम गर्दैछ । त्यही उद्देश्य हासिल गर्न निगमले विश्वव्यापी बोलपत्र आह्वान गरेको थियो ।

बोलपत्रबाट जर्मनीमा विकास गरिएको एसएपी बिजनेस १ नामको सफ्टवेयर खरीद गर्न छनोट भएको हो । निगमले यस सफ्टवेयरको लाइसेन्स, पूर्वाधार निर्माण र मानव संशोधनका लागि करीब रु २२ करोड खर्च गरेको छ । विश्वका तेल र ग्यास उद्योगसँग सम्बन्धित ७० प्रतिशतले यही सफ्टवेयर प्रयोगमा ल्याइरहेको इञ्जिनीयर एवं परियोजनाका प्रमुख राजन नेपालले बताउनुभयो । उहाँ भन्नुहुन्छ, ''यो सफ्टवेयर भारत, तान्जानिया र सिङ्गापुरजस्ता देशमा सफलतापूर्वक प्रयोग भइरहेको छ ।''

अहिले यस प्रविधिको प्रयोगका सन्दर्भमा निगमका इञ्जिनीयर र विदेशी परामर्शदाता इञ्जिनीयरले दिनरात काम गरिरहेको नेपाल बताउनुहुन्छ । उहाँका अनुसार यो सफ्टवेयरलाई यही वैशाख ३ गतेदेखि परीक्षणका रूपमा सञ्चालन गरिनेछ भने साउन १ गतेदेखि "रियल टाइम लाइभ"मा जाने तयारी पनि गरिएको छ ।

**सफ्टवेयरले के गर्छ ?**

यो प्रविधिले आयल नियमका महाशाखा र त्यस शाखाको सम्पूर्ण विवरणलाई कम्प्युटराइज प्रणालीमा लैजाने छ । जहाँबाट कर्मचारीको नियुक्ति, सरुवा, बढुवालगायत व्यक्तिगत विवरणको तथ्याङ्क अध्यावधिक गर्नेछ ।

वर्सेनि अबौं रुपैयाँको कारोवार गर्ने संस्था भएको हुनाले सबै प्रणालीको सही समयमा सही सूचना प्रवाह गर्नका लागि यो प्रक्रिया जरुरी भइसकेको निगमको ठम्याइ छ । यो सफ्टवेयरको प्रयोगपछि निगममा रहेका र आफूले चाहेका तथ्याङ्कको विवरण सहजताका साथ हेर्न, अनुगमन गर्न र रिपोर्ट निकाल्न सकिने छ ।अहिले निगमले प्रयोग गरिरहेका भिन्नभिन्न सफ्टवेयरको अब एउटै प्याकेज हुने नेपालको भनाइ छ ।

साथै बजारमा डिलरको माग, डिलरको क्षमता र उनीहरूको खाताको विवरण एकै क्लिकमा लिन सकिन्छ । सफ्टवेयरको प्रयोग पछि डिलरले गर्ने माग र सो मागका लागि आवश्यकपर्ने रकमका लागि निगम र बैंक धाउनुपर्ने छैन । त्यसका लागि आफ्नो हातमा भएको मोबाइलको सहायताले जुनसुकै स्थानबाट पनि यो काम गर्न सकिन्छ ।

यसैको माध्यमबाट हाम्रो माग र बजारमा अहिले रहेको मौजुदा इन्धनको बारेमा जानकारी लिन सकिन्छ भने लोड भएका गाडीको विवरण लिनसमेत यसले मद्दत गर्नेछ । प्रमुख नेपाल भन्नुहुन्छ, "सफ्टवेयर लागू भएपछि भारतीय आयल निगम (आइओसी) लाई अग्रिम भुक्तानी गर्नुपर्ने अवस्थाको अन्त्य हुनेछ । आइओसीले भौचर (इन्भ्वाइस) बनाउनासाथ हाम्रो सफ्टवेयरमा तत्कालै देखिने छ, र भुक्तानी पनि सोही समयमा हुनेछ । अहिले इन्भ्वाइस बन्नुभन्दा १५ दिनअघि 'अर्डर'का आधारमा भुक्तानी हुने गरेकामा अब तत्कालै अनलाइन ट्रान्सफर हुनेछ ।"

उहाँले भन्नुभयो,"आइओसीलाई अब 'इन्टरनेसनल पेमेन्ट गेटवे'मार्फत तुरुन्त पैसा पठाउन सकिने भएपछि हामीले वार्षिक झण्डै २२-२५ करोड रुपैयाँ बचत गर्न सक्नेछौं । इन्धनको मूल्य प्रक्षेपण गर्न पनि यसबाट सहज हुनेछ । यसका अलावा टयाङ्कर व्यवसायीको भुक्तानी पनि यसै प्रविधिमार्फत् हुनेछ । जसका कारण उनीहरूले भुक्तानीका लागि पर्खनुपर्ने छैन ।"

आइओसीमा कति गाडी लोड भए, कति भन्सारमा आइपुगे, बाटोमा कति गाडी छन् भन्ने जस्ता विवरण "रियल टाइम"मा देख्न र अनुगमन गर्न सकिने स्थिति बनेको छ, नेपाल बताउनुहुन्छ । सफ्टवेयर पूर्ण स्वचालितविधि भएकाले कुनै पनि कर्मचारीले यताउता गर्न सक्ने छैनन् । उहाँ भन्नुहुन्छ, "त्यो समयमा कोको कर्मचारी थिए, किन त्यस्तो काम भयो भन्ने कुरा सफ्टवेयरले आफैं काम गरिरहेको हुन्छ । यसले काममा छिटो हुनुको साथै कारवाही र भएका गल्ती सजिलै पत्ता लगाउन सकिन्छ । त्यसको विवरण लेखा र ढुवानी शाखालाई जानकारी हुन्छ ।"

निगमको नयाँ सफ्टवेयर पूर्ण रूपमा सञ्चालन गरी व्यवस्थित र सुरक्षित बनाउन निगमले

*बाँकी तीन पृष्ठमा*

## विश्व समाचार

# ओलम्पिक खेल रद्द गर्न जापानी सत्तारुढ दलका नेताको आग्रह

टोकियो, २ वैशाख (रासस/एपी) ।

जापानको सत्तारुढ दल लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी)का दुई प्रभावशाली नेताले टोकियो ओलम्पिकका बारेमा पूरै आयोजना परिवर्तित हुन सक्ने बताउनु भएको छ ।

तीमध्ये एक सदस्यले ओलम्पिक खेल नै रद्द गर्नुपर्ने सुझाव दिनु भएको छ भने अर्का सदस्यले खेल स्थलमा दर्शकलाई पूरै प्रतिबन्ध लगाउनु पर्ने बताउनु भएको छ ।

एलडिपीका महासचिव एवं पार्टीभित्र दोस्रो श्रेणीका नेता तोशिहिरो निकाईले कोभिडको सङ्क्रमण फैलिनेक्रम बढेकाले टोकियो ओलम्पिक रद्द गर्नुपर्ने बताउनुभयो । टोकियो ओलम्पिक खेल हुन बुधबार १०० दिन बाँकी रहँदा निकाईको यस्तो भनाइ सार्वजनिक भएको हो ।

जापानको टीबीएस टिभीलाई दिएको अन्तर्वार्तामा निकाईले खेल आयोजनामा समस्या देखिए यसलाई रद्द गर्नुको विकल्प नरहेको बताउनुभयो । ओलम्पिककै कारण कोभिड सङ्क्रमण फैलिने अवस्था देखिए ओलम्पिक आयोजनाको गर्नुको केही अर्थ रहँदैन, उहाँले भन्नुभयो ।

के खेल पूरै रद्द हुने सम्भावना छ भनी सोधिएको प्रश्नमा महासचिव निकाइले भन्नुभयो, "यो सम्भव छ ।"

उहाँले अगाडि भन्नुभयो, "जापानमा ओलम्पिक खेल सफलतापूर्वक सम्पन्न हुनु जरुरी छ । यो जापानका लागि ठूलो अवसर पनि हो । म पनि यो सफल होस् भन्ने चाहन्छु । हामीले धेरै विषयलाई सुल्झाउनु र त्यसको तयारी गर्नु जरुरी छ, र हरेक खेलाडी तथा पदाधिकारीको विशेष हेरबिचार गर्नुपर्ने चुनौती छ ।"

टोकियो ओलम्पिक आयोजकको भनाइमा आगामी ओलम्पिक खेल सफलतापूर्वक आयोजना गर्न अन्तरराष्ट्रिय ओलम्पिक कमिटी र इन्टरनेसनल पाराओलम्पिक कमिटी पूर्णरुपमा प्रतिबद्ध रहेका छन् । उनीहरुले प्रधानमन्त्री योशिहिडे सुगाले ओलम्पिक खेल आयोजना गर्न जापान प्रतिबद्ध रहेको पटकपटक बताउनु भएको जनाएका छन् ।

जापानमा पछिल्लो पटक कोभिड सङ्क्रमण तीव्रगतिमा फैलिएको छ । बुधबार मात्र जापानको दोस्रो ठूलो शहर ओशाकामा एक हजार १०० भन्दाबढी नयाँ रोगी भेटिएका थिए । यो गत जनवरी यताकै सबैभन्दा ठूलो संख्या हो ।

जापानमा कोभिडको सङ्क्रमणबाट हालसम्म नौ हजार ५०० भन्दाबढी व्यक्तिको ज्यान गइसकेको छ ।

जापानमा खोप अभियानको नेतृत्व गरिरहनु भएका मन्त्री तारो कोनोले टोकियो ओलम्पिक हुने अवस्था सिर्जना भएपनि खेल मैदानमा कुनै पनि दर्शक नहुने स्पष्ट गर्नुभयो । उहाँले ओलम्पिक खेल खाली रङ्गशालामा खेलाइने बताउनुभयो ।

गत वर्ष पनि कोभिडको सङ्क्रमण तीव्र भएको भन्दै ओलम्पिक खेल तालिका एक वर्ष सारिएको थियो । यस वर्ष जुलाई २३ मा टोकियो ओलम्पिक शुरु हुनेछ । साथै पाराओलम्पिक अगष्ट २४ बाट हुनेछ । दुबै ओलम्पिकका खेल हेर्न जापान आउन चाहने विदेशी व्यक्तिलाई जापान आउन प्रतिबन्ध लगाइसकिएको छ । अब जापानी नागरिकले पनि खेल मैदानमा प्रवेश पाउने छैनन् ।

आयोजकले टिकट बिक्रीबाट झण्डै ८० करोड अमेरिकी डलर आर्जन गर्ने अनुमान गरेका थिए । यो कूल आयको झण्डै तेस्रो ठूलो रकम हो । ओलम्पिक आयोजनाको कूल लागत करिब १५.४ अर्ब अमेरिकी डलर रहेको छ ।

# अमेरिकाले सेप्टेम्बर ११ अगाव अफगानिस्तानबाट आफ्ना सेना फिर्ता गर्ने

वासिङ्टन, २ वैशाख (रासस/सिन्ह्वा) ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले अमेरिकाले आगामी सेप्टेम्बर महिनाको ११ तारिखसम्ममा अमेरिकाले अफगानिस्तानमा रहेका आफ्ना सैनिक फिर्ता ल्याउने बताउनुभएको छ ।

अफगानिस्तानलाई सहयोग जारी राख्ने वाचा भने उहाँले गर्नुभएको बताइएको छ । यो सँगै उहाँले अफगानिस्तानमा रहेको अमेरिकाको सबैभन्दा लामो समयको युद्धको अन्त्यको घोषणा पनि गर्नुभएको बताइएको छ ।

बुधबार ह्वाइट हाउसमा अमेरिकी राष्ट्रपति जो बाइडेनले भन्नुभयो, हामीले अब अफगानिस्तानमा जारी रहेको युद्धको अन्त्यको घोषणा गरिसकेका छौँ, त्यहाँ रहेका अमेरिकी सेना हामीले फिर्ता गर्ने भएका छौँ ।

त्यस सम्बोधनका क्रममा उहाँले यही मे १ तारिखदेखि नै अमेरिकी फौज फिर्ता गर्ने प्रक्रिया शुरु हुने पनि उहाँले बताउनुभएको थियो । समाचारमा जनाइएअनुसार सन् २००१ मा अमेरिकी हवाई हमला घोषणा गरिएको ह्वाइट हाउसको कक्षबाट उहाँले सो कुराको घोषणा बुधबार गर्नुभएको हो ।

उहाँले भन्नुभएको थियो, यो अमेरिकाको सबैभन्दा लामो युद्ध अन्त्य गर्ने बेला हो र यसै अनुसारको निर्णय हामीले अब गरिसकेका छौँ । अमेरिकाका अधिकारीका अनुसार सन् २००१ को सेप्टेम्बर ११ मा अमेरिकाको वर्ल्ड ट्रेड सेन्टरमा भएको आतंकवादी हमलाको २०औँ वार्षिकी पारेर सैनिकलाई फिर्ता ल्याउन लागिएको हो ।

अमेरिकी राष्ट्रपति बाइडेनको यो घोषणासँगै सेप्टेम्बर ११ अघि नै सबै अमेरिकी सैनिकले अफगानिस्तान छाड्ने भएका हुन् । यतिखेर अफगानिस्तानमा नौ हजार ६०० नेटो सैनिक रहेका छन् ।

ती नेटो सैनिकमध्ये कम्तीमा पनि दुई हजार ५०० जना अमेरिकी सेना रेहका छन् । तर पनि अफगानिस्तानमा रहेका अमेरिकी सैनिकको संख्या भने समय समयमा थपघट भइरहने गर्दछ ।

अमेरिकी सञ्चारमाध्यमले भने अहिले अफगानिस्तानमा रहेको अमेरिकी सेनाको कुल संख्या तीन हजार ५०० को नजिक रहेको जनाएका छन् । राष्ट्रपति बाइडेनले अफगानिस्तानमा दुई हजार ४८८ जना अमेरिकी सेनाको यस लामो युद्धका क्रममा निधन भएको जानकारी पनि दिनुभएको थियो ।

साथै उहाँले यस युद्धका क्रममा २० हजारभन्दा बढी अमेरिकी सेना घाइते भएका पनि जानकारी दिनुभएको समाचारमा जनाइएको छ । यस बारेमा नेटोका अरु सदस्य राष्ट्र र अफगानिस्तानमा हिंसा गरिरहेको तालिबान आतङ्ककारीको विचार भने सार्वजनिक भएको छैन ।

# विस्थापित हुँदै हात्ती

चितवन, २ वैशाख (रासस) ।

जङ्गल सफारीका लागि परिचित चितवनमा पर्यटक घुमाउनका लागि राखिएका निजी हात्ती विस्थापित हुन थालेका छन् । कोरोना सङ्क्रमणका कारण काम नपाएपछि हात्ती धनीले भाडाका हात्ती फिर्ता र बिक्रीसमेत गर्न थालेको जनाइएको छ ।

हात्ती सञ्चालन गर्दै आएको युनाइटेड हात्ती सञ्चालन सहकारीमा दुई वर्ष अघिसम्म ६७ हात्ती रहेकामा हाल यो सङ्ख्या घटेर ३५ मा झरेको छ । संस्थाका पूर्वअध्यक्षसमेत रहनुभएका क्षेत्रीय होटल सङ्घका अध्यक्ष दीपक भट्टराई हात्ती पाल्न मुस्किल भएको बताउनुहुन्छ । सरकारी तवरबाट कुनै किसिमको सहयोग नभएपछि हात्ती विस्थापित हुन थालेको उहाँको भनाइ छ ।

दैनिक दुई क्विन्टलभन्दा बढी खाद्यान्न आवश्यक पर्ने हात्ती पाल्न मासिक रु एक लाखभन्दा बढी खर्च हुने व्यवसायी बताउँछन् । भारतबाट भाडामा ल्याएकामध्ये तीनवटा हात्ती मात्र यहाँ बाँकी रहेको बताइएको छ । व्यवसायीले यकिन तथ्याङ्क नदिए पनि सौराहामा रहेका हात्ती एउटाको रु ८० लाखदेखि एक करोडसम्ममा बिक्री हुने गरेको छ । ती हात्ती भारतको गुजरातमा लैजाने गरेको बताइएको छ । सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको व्यापारसम्बन्धी महासन्धि ( साइटिस)ले हात्तीलाई अनुसूची १ मा राखेको छ । व्यापारका कारणले अझै खतरामा पर्ने हुँदा अनुसूची १ मा परेका जीव जनावरलाई व्यापार वा ओसारपसार गर्न पाइँदैन । त्यसैकारण यहाँका व्यवसायीले हात्ती बिक्री गरेको स्वीकार गर्दैनन् ।

युनाइटेड हात्ती सञ्चालन सहकारीका अध्यक्ष ऋषि तिवारीका अनुसार पर्यटक नआउँदा हात्ती पाल्न कठिन भएको हो । पाल्नै नसकेर हात्ती जिल्लाबाट विस्थापित भएको उहाँको भनाइ छ । भारत सरकारले निजी क्षेत्रलाई हात्ती पाल्न अनुमति दिएर सहयोग गरेको भए पनि नेपालमा सहयोग नपाउँदा हात्ती विस्थापित भएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "बिमा र चरिचरनमा सरकारले सहयोग गरे हात्ती विस्थापित हुँदैन ।"

कुहिएर खेर जाने घाँससमेत सरकारले नदिँदा हात्ती पाल्न मुस्किल भएको तिवारीले गुनासो गर्नुभयो । पर्यटन प्रवर्द्धनका हरेक गतिविधिमा प्रयोग हुने हात्ती पर्यटकलाई चढाएर ठूलो मात्रामा राजस्वसमेत सङ्कलन भएको व्यवसायी बताउँछन् । तिवारीका अनुसार हात्ती पाल्न मुस्किल भएपछि विस्थापित हुनबाट रोक्न सहयोग पुऱ्याउन वनमन्त्री, सचिव, निकुञ्ज विभागका महानिर्देशकलगायतका उच्च अधिकारीसँग हारगुहार गरिएको भए पनि सुनुवाइ भएको छैन ।

सौराहामा युनाइटेड हात्तीमा आबद्धबाहेक सपना भिलेजका आठ र ओम रिजालका आठ वटा हात्ती सञ्चालनमा रहेका छन् । विस्थापित भएका हात्ती बूढा र अशक्त खालका भए पनि बाँकी रहेका हात्ती वयस्क र टाठा भएकाले सफारी र खेलकूदमा कुनै समस्या नहुने व्यवसायी बताउँछन् । पशु अधिकारकर्मीले उठाएका सवाललाई मनन गर्दै सौराहामा हात्तीलाई हेरेर रमाउनका लागि हात्ती सेन्चुरी बनाउने तयारी गरिएको छ । सरकारी निकायबाट जग्गा प्राप्त भएमा निजी क्षेत्र काम गर्न तयार रहेको तिवारीले जानकारी दिनुभयो ।

क्षेत्रीय होटल सङ्घका पूर्वअध्यक्ष सुमन घिमिरे हात्ती व्यवस्थापनका विषयमा दीर्घकालीन सोचका साथ अघि बढ्नुपर्ने बताउनुहुन्छ । युरोपका मुलुकबाट आउने पर्यटक हात्ती चढ्न नै चाहँदैनन् । नेपाली, भारतीय र चीनका पर्यटक मात्रै हात्ती सफारी भनेपछि हुरुक्क हुने गर्दछन् । तत्कालका लागि निकुञ्ज आडमा निजी हात्तीका लागि चरनको व्यवस्था भए व्यवसायीलाई धेरै राहत हुने र हात्ती विस्थापन कम हुने घिमिरेको बुझाइ छ ।

हात्ती सफारी निकुञ्ज घुम्न आउने पर्यटकका लागि मुख्य गतिविधि हो । यहाँ आउने अधिकांश पर्यटक हात्ती चढेर निकुञ्ज आडका मध्यवर्ती सामुदायिक वनमा वन्यजन्तु हेर्न जान्छन् । हात्तीमा नै चढेर बाघ, गैँडा, मृग, हरिण, बँदेलजस्ता जनावारसँगै चराचुरुङ्गी हेरेर रमाउने गरेको घिमिरेको भनाइ छ । गत वर्ष कोरोना सङ्क्रमणका बेला केही समय राप्ती किनारमा हात्तीका लागि निकुञ्जले घाँस काट्न दिएको भए पनि पछि रोक लगाएको थियो ।

चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत अणनाथ बरालले व्यवसायीले चरनका लागि माग गरेको भए पनि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट कुनै निर्णय भइनसकेको बताउनुभयो ।

## *आयल निगमले ...*

इञ्जिनीयरको विशेष टोली बनाएको पनि नेपालले बताउनुभयो । डेटाको सुरक्षा गर्न र कुनै गडबडी भए तुरुन्तै रिकभर (पुनर्पाप्त) गर्नेगरी थानकोट डिपोभित्र डेटा सेन्टर बनाउने तयारी गरिएको निगमको भनाइ छ ।

परियोजना प्रमुख राजन नेपालले भन्नुभयो, "यही सफ्टवेयरको माध्यमबाट ग्यासका उपभोक्ता, ग्राहकको पनि तथ्याङ्(डेटा) राख्ने छौँ । जसका कारण बजारमा ग्यास भएर पनि लुकाउने डिलरको विवरण थाहा हुनेछ । त्यसरी नै तेल डिपोले पनि आज कतिको तेल बेच्यो र उसको भण्डारमा कति तेल बाँकी छ र उसको भण्डारण क्षमता कति हो जस्ता कुरा पत्ता लगाउन सकिनेछ । ग्राहकले कति समयमा कति ग्यास लिएका छन् भन्ने पनि यसले देखाउँछ ।"

एएसपी सफ्टवेयरलाई प्रयोगमा ल्याउन र सफल बनाउन निकै उत्साहका साथ खटिनु भएका इञ्जिनीयर नेपाल भन्नुहुन्छ, "सफ्टवेयर जडानका लागि हुने खर्च एक वर्षभित्रै सफ्टवेयरले कमाउन सक्छ । अरु कैयौँ झन्झटबाट मुक्त हुने त छँदैछ ।"निगमका कार्यकारी निर्देशक सुरेन्द्रकुमार पौडेलले आयल निगमलाई पूर्ण पारदर्शी, प्रभावकारी र सक्षम संस्थाका रूपमा रुपान्तरण गर्न विभिन्न सुधारका कार्यहरू भइरहेको बताउँदै निगमसँग जोडिएका सबै पक्षलाई इआरपीको प्रयोगले मद्दत गर्ने भएकाले यसमा सबै पक्षको सहयोग रहने विश्वास व्यक्त गर्नुभयो ।

यस कार्यका लागि प्रविधिको अधिक प्रयोग हुने भएकोले काम चुस्त र समयमै हुनुका साथै प्रभावकारी हुने उहाँले अपेक्षा गर्नुभयो । उहाँले अहिले प्रविधिको जमानामा कसरी सकिन्छ प्रविधिमैत्री रूपमा छिटो र पारदर्शी रूपमा काम गर्नका लागि यो इआरपी प्रणालीले साहयोग पुऱ्याउने धारणा राख्नुभयो ।

## भाखा नाघेको कर्जा बुझाउने बारे कृषी बिकास बैंक लि. शाखा कार्यालय हनुमाननगरको २१ दिने सुचना

यस बैंकको शाखाबाट तपशिल बमोजीमका व्यक्ती/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा/ब्याँज नबुझाई भाखा नाघि निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्वन्धमा बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सुचना प्रकाशित भएको मितिले २१ दिन भित्र बुझाउनको लागी यो सुचना प्रकाशन गरिएको छ । उल्लेखित मिती भित्र पनी रकम दाखिला हुन नआएमा बैंक तथा बित्तीय संस्था सम्वन्धी ऐन २०७३, कृषी बिकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजीम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पुर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपशिल बमोजीमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जुरीनामा दिने व्यक्तीहरुलाई समेत यसै सुचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ ।

| क. स. | कर्जा ग्राहकको नाम ( फर्म, प्रोपराइटरको नाम/कम्पनी तथा संचालकहरुको नाम | ठेगाना | बाजेको नाम | ग्राहकको पिता/पतिको नाम | उद्देश्य | सावाँ रकम रु. | मिती २०७७।१२।१ सम्मको ब्याँज तथा अन्य रकम | जम्मा तिर्नुपर्ने रकम | धितो मञ्जुरीनामा दिने/जमानत बस्नेको नाम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | मौजेलाल गुरमैता यादव | महदेवा -९ | नगरु | मोतीलाल गुरमैता | सरल कृषी कर्जा | १,००,००० | १३४५२ | ११३४५२ | हरिनन्दन गुरमैता यादव |
| २ | उपेन्द्र कुमार यादव | को. मधेपुरा -४ | सियालाल यादव | चन्द्र देव यादव | सरल कृषी कर्जा | ८००००० | ९३०९६ | ८९३०९६ | रेणु कुमारी यादव |
| ३ | हरिनारायण मण्डल | बथनाहा -४ | महाबिर यादव | राम नारायण मण्डल | सरल कृषी कर्जा | ८९३५५ | ३०९० | ९२४४५ | श्याम परी देबी |
| ४ | आयानद्धिप हेल्थ केयर( प्रो.मनोरमा देवी यादव) | डिमन -४ | बौवा यादव | राम अवतार यादव | सेवा कर्जा | १६००००० | ६७८२२ | १६,६७,८२२ | मनोरमा देवी |
| ५ | जिवछ राय अमात | को.बर्साइन-३ | सन्तोपी राय | बिहारी राय | सरल कृषी कर्जा | १००००० | ५६९५ | १०५६९५ | राज कुमार राय |
| ६ | प्रशुराम यादब | रम्पुरा मल्हनीया -५ | बृजलाल यादब | हिरालाल यादब | घरायसी कर्जा | ९७५००० | ५१६५६ | १०२६६५६ | उज्वल कुमार यादब |
| ७ | बिन्देश्वर प्रसाद यादव | डिमन -२ | बेजु यादव | बृद्धिलाल यादब | सरल कृषी कर्जा | ८००००० | ४०३१९ | ८४०३१९ | बृद्धीलाल यादब |
| ८ | लक्ष्मी यादब | मधेपुरा-८ | घोघाई यादब | राम लाल यादब | सरल कृषी कर्जा | ५००००० | ३८९५५ | ५३८९५५ | बिमला देवी यादब |
| ९ | जहरी देवी मंडल | २ नं. जोगीनिया -६ | चुवा मडंल | छौटकैन मंडल | सरल कृषी कर्जा | ३०००० | ५९७८ | ३५९७८ | लक्ष्मी मंडल |
| १० | जय नारायण यादब | बथनाहा -२ | गेना दास | बैनी यादब | घरायसी कर्जा | ५००००० | ३४१२१ | ५३४१२१ | बैनी यादब |
| ११ | जय करण अधिकारी | महदेवा -७ | दुखा अधिकारी | फुकर अधिकारी | सरल कृषी कर्जा | ४००००० | २७६५६ | ४२७६५६ | |
| १२ | बिश्वनाथ यादब | डिमन -४ | राम जतन यादब | बच्चो यादब | व्यावसाय कर्जा | ४००००० | २३७०५ | ४२३७०५ | राजेन्द्र प्रसाद यादब |
| १३ | शिव नारायण यादब | रम्पुरा मल्हनीया -५ | सियालाल यादब | शिबनन्दन यादब | सरल कृषी कर्जा | २२५००० | १९३२९ | २४४३२९ | |
| १४ | राम नारायण मण्डल | २ नं. जोगीनिया -६ | मौसाई मंडल | बच्चा मंडल | सरल कृषी कर्जा | २००००० | १५६९२ | २१५६९२ | सावित्री देवी |
| १५ | बिनोद कुमार यादब | तिरहुत -३,डिमन | बोवा यादब | रामअवतार यादब | सरल कृषी कर्जा | २५०००० | १५६६२ | २६५६९२ | पुनम कुमारी यादब |
| १६ | कोशिला देबी यादब | रम्पुरा मलहनीया -५ | सियालाल यादब | बैजुलाल यादब | सरल कृषी कर्जा | ५००००० | १५७४३ | ५१५७४३ | जगदिश प्र.यादब |
| १७ | रामेश्वर यादब | महादेवा -६ | सातैन यादब | अवधी यादब | घरायसी कर्जा | २००००० | १४९४३ | २१४९४३ | अमिरका देबी यादब |
| १८ | उर्मीला देवी देब | बभनगामाकट्टी -४ | लक्ष्मी लाल देब | हलधर प्रसाद देब | सरल कृषी कर्जा | १५०००० | ६२९१ | १५६२९१ | महेन्द्र लाल देब |
| १९ | श्याम सुन्दर साह | को.बर्साइन-४ | भोलाई साह | हरिकिसुन साहु | सरल कृषी कर्जा | २००००० | ६४११ | २०६४११ | हरि किशुन साह |
| | | | | तेली | | | | | |
| २० | इन्द्र देब यादब | को. मधेपुरा -९ | चुनी यादब | सिया यादब | सरल कृषी कर्जा | ५००००० | १३३८८ | ५१३३८८ | |
| २१ | जगदिश यादब | भारदह-१ | ठिठर यादब | मुक्तीलाल यादब | सरल कृषी कर्जा | ४००००० | ११९१६ | ४११९१६ | चित्रकला देवी |
| २२ | त्रिभुवन नारायण देब | इर्नवा -५ | लौउन तलाल देब | देब नारायण लाल देब | व्यावसाय कर्जा | १५०००० | ११३१५ | १६१३१५ | पुष्पा देबी देब |
| २३ | सकलदेब मण्डल | २ नं. जोगीनिया -६ | धनपैत मंडल | झबर मंडल | व्यावसाय कर्जा | १००००० | १०७५६ | ११०७५६ | दलाइन बति देवी |
| २४ | उर्मीला देबी यादब | बथनाहा-८ | मंशु यादब | नारायण यादब | सरल कृषी कर्जा | १००००० | ७५०७ | १०७५०७ | अशोक यादब |
| २५ | बिना कुमारी मंडल | कोईलाडी -५ | सुखचन्द्र मंडल | कलर मंडल | सरल कृषी कर्जा | ११०००० | ७२६२ | ११७२६२ | सुख चन्द्र मंडल |

कृषि बिकास बैंक लि.
शाखा कार्यालय हनुमाननगर

# हत्या र लुटपाटमा संलग्नलाई कानूनी दायरामा ल्याइन्छ : कानूनमन्त्री यादव

लहान, २ वैशाख (रासस)।

प्रदेश नं २ का आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्रकुमार यादवले हत्या र लुटपाटमा संलग्नलाई कानूनी दायरामा ल्याउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। गत शनिबार राति लुटेरा समूहको गोली प्रहारबाट मृत्यु भएका सिरहाको लहान नगरपालिका-२२ निवासी ४५ वर्षीय सुन चाँदी व्यवसायी प्रदीप विश्वकर्माको परिवारजनलाई बिहीबार भेटेर उहाँले लुटेरा समूहलाई कानूनी दायरामा ल्याउने र मृतक परिवारलाई उचित क्षतिपूर्तिसमेत उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो।

मन्त्री यादवले भन्नुभयो, "घटना असाध्यै हृदयविदारक छ, घटनाका अपराधीलाई छिटोभन्दा छिटो कानूनी दायरामा ल्याइने छ।" घटनामा संलग्न कतिपय व्यक्ति पक्राउ परिसकेका र कतियप व्यक्ति छिट्टै पक्राउ पर्ने उहाँको दाबी थियो।

मृतक परिवारलाई प्रदेश सरकारले छिट्टै क्षतिपूर्ति उपलब्ध गराउने बताउनुहुँदै मन्त्री यादवले हरेक नागरिकको सुरक्षाका लागि सरकार र सुरक्षा निकाय कटिबद्ध रहेको उल्लेख गर्नुभयो। सो क्रममा मृतक विश्वकर्माको परिवारजनले तत्काल अपराधीलाई पक्राउ गरी कारवाही गर्न र क्षतिपूर्ति उपलब्ध गराउन माग गरेको छ।

"परिवारमा दाजु एक्लै कमाउने हुनुहुन्थ्यो", मृतक प्रदीपका भाइ सञ्जीवले भन्नुभयो, "अपराधीले सम्पत्ति लुटेर दाजुको हत्या गरेपछि उहाँका तीन छोराछोरी टुहुरो भएका छन्, उनीहरूको पालनलालन कसरी गर्ने भन्ने चिन्ता बढेको छ।" त्यसैले सरकारको यसतर्फ ध्यान पुगोस् उहाँको दुखेसो थियो।

सिरहाको लहान नगरपालिका-२२ गढियाचोकमा अमृता ज्वेलर्स सञ्चालन गर्दै आएका विश्वकर्माको घरको ढोका फुटाएर लुटेरा समूहले सुन चाँदीका गरगहना तथा नगदसहित करिब रु २५ लाख मूल्य बराबरको सम्पत्ति लुटपाट गरी गोली हानी हत्या गरेका थिए। लुटपाटका क्रममा लुटेरा समूहले व्यवसायी विश्वकर्माकी श्रीमती अमृतालाई समेत खुकुरी प्रहार गरी घाइते बनाएका थिए।

यसैबीच बिहीबारै कानूनमन्त्री यादवले गत सोमबार साँझ लुटपाट भएको लहान नगरपालिका-७ निवासी राजेश शारडाको घरमा पुगेर घटनाबारे जानकारी लिनुभएको छ। लुटेरा समूहले शारडाको घरको सदस्यलाई बन्धक बनाएर कारसहित सुन चाँदीका गहना लुटेर लगेका थिए।


## हार्दिक शुभकामना

नव वर्ष २०७८ तथा रमजान महिनाको सुखद अवसरमा सम्पूर्ण दाजुभाई, इष्टमित्र एवं जिल्लावासीमा सुख, शान्ति, दिर्घायु, सु-स्वास्थ्य तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**कासिम अन्सारी**
भुपू वडा अध्यक्ष, राविनपा ४
एवं अध्यक्ष
कोशी पीडित उत्थान समाज परिवार



## सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग






## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर ११९५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit · CITY EXPRESS Money Transfer · Best Remit Quick & Easy · Prabhu Money Transfer — प्रभुको इच्छा — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम · IME International Money Express · himal remit हिमालरेमिट · CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*